# नेपाली काँग्रेस
## जनआन्दोलन बुलेटिन
२०६१





वर्ष २, अंक १ २०६१ फाल्गुण १८ गते मंगलबार (March 1, 2005 Tuesday) पृष्ठ संख्याः १०


# नजरवन्दबाट नेपाली काँग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाको वक्तव्य

२०५९ साल जेष्ठ ८ गते भएको प्रतिनिधिसभाको विघटन र असोज १८ गते प्रजातन्त्रको विरुद्ध प्रतिगमनकारी कदम चाल्दै पुनः २०६१ साल माघ १९ गतेमा शाही घोषणा जारी गरी नेपाली जनताको निरन्तर वलिदानीपूर्ण संघर्ष र २०४६ सालको जनआन्दोलनको परिणाम स्वरुप प्राप्त भएको नेपाल अधिराज्यको संविधान, २०४७ र बहुदलीय संसदीय प्रजातन्त्रको मूल्य र मान्यतामा नै प्रत्यक्ष आघात पुऱ्याउने अर्को प्रतिगमनकारी एवं प्रजातन्त्र विरोधी कदम चालिएको छ । शब्दमा संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रप्रति अपरिवर्तनीय प्रतिवद्धता रहेको भन्ने, तर व्यवहारमा भने सक्रिय राजाको रुपमा मुलुकमा सेनाको बलमा शासन गर्न शुरु भएको छ ।

शाही घोषणाको लगतै संकटकालिन स्थितिको घोषणा गरी नेपाल अधिराज्यको संविधान, २०४७ द्वारा प्रत्याभूत जनताका मौलिक हकहरुलाई निलम्वन गरी नैसर्गिक मानव अधिकार समेतको ठाडो उल्लंघन भएको छ । सेन्सरसिप लागु गरी विचार अभिव्यक्तिको स्वतन्त्रता, प्रकाशन गर्ने स्वतन्त्रता, आवतजावत गर्ने स्वतन्त्रताको हकको साथै सम्पत्तिको हक र संवैधानिक उपचारको हक समेत उपभोग गर्नबाट वञ्चित गराई जनतालाई रैती बनाइएको छ ।

यस प्रकार राजाबाट जारी भएको प्रजातन्त्र एवं संविधान विरोधी शाही घोषणाको परिणाम स्वरुप उत्पन्न भएको आजको विषम परिस्थितिमा नेपाली काँग्रेसका तमाम नेता एवं कार्यकर्ताहरु, विभिन्न पेशागत क्षेत्रका बुद्धिजीवी मित्रहरु लगायत मुलुक भरीका समस्त किसान, मजदूर, युवा, दाजु-भाइहरु तथा महिला दिदी-बहिनीहरुमा जनता र प्रजातन्त्रको पक्षमा संगठित भई प्रतिगमन विरुद्धको आन्दोलनमा प्रजातन्त्र पुनःस्थापनाको लागि अब उप्रान्त फेरी नयाँ पिंढीले संघर्ष गर्न नपर्ने गरी सक्रिय एवं सशक्तरुपमा सहभागी हुन आह्वान गर्दछु ।

संसदीय प्रजातन्त्र, मानव अधिकार र कानूनी राज्यको रक्षार्थ प्रतिनिधि सभाको पुनर्स्थापना अनिवार्य छ भन्ने नेपाली काँग्रेसको दृढ धारणा छ । त्यसको लागि अविलम्व शाही घोषणा फिर्ता हुनु पर्छ । नेपाल अधिराज्यको संविधान, २०४७ को सम्मान हुनुपर्ने माग सहित फाल्गुण ७ गतेदेखि शुरु भएको जनआन्दोलनमा सक्रिय सहभागी हुन दाजु-भाइ दिदी-बहिनीमा पुनः म हार्दिक अपील गर्दछु ।

२०४६ सालको जनआन्दोलन र कैयौं शहीदहरुको वलिदानको परिणाम स्वरुप पुनःर्स्थापना भएको संसदीय प्रजातन्त्र, मानव अधिकार तथा कानूनी राज्यको मूल मर्म र मान्यता माथि प्रहार गर्दै जारी भएको शाही घोषणा पश्चात वर्तमान अन्योलपूर्ण परिस्थितिमा यही फागुन १९ देखि २२ गतेसम्म गरिने भनी घोषित गरिएको नेपाली काँग्रेसको एघारौं महाधिवेशन सम्पन्न हुन नदिन सुरक्षा निकायले "पार्टी केन्द्रीय कार्यालयमा कुनै किसिमको बैठक नगर्नु" भन्नुको साथै नेपाली काँग्रेसका नेता तथा कार्यकर्ताहरुलाई राज्यले आफ्नो नियन्त्रणमा राखेको छ । तसर्थ मानवअधिकार, संसदीय प्रजातन्त्रको वहालीको निमित्त जारी भएको जनआन्दोलनमा सम्पूर्ण साथीहरु समाहित हुनु परेको छ ।

तसर्थ नेपाली काँग्रेस केन्द्रीय समितिको २०६१ साल श्रावण २५ गते बसेको बैठकबाट नेपाली काँग्रेसको विधान, २०१७ ( २०५१, २०५४ र २०५७ मा परिमार्जन संशोधन गरी मिलाइएको रुपमा) को धारा ३३ (१) अनुसार पार्टीका सबै निकायहरुको पदाधिकारी तथा सदस्यहरुको पदावधि एघारौं महाधिवेशनसम्मको लागि थप गर्ने निर्णय भएकोमा अधिकांश जिल्लाहरुको अधिवेशन सम्पन्न भैसकेको र बाँकी रहेका जिल्लाहरुले जनआन्दोलनकै अभिन्न अंगको रुपमा एघारौं महाधिवेशन हुनु अगावै तोकिएको समयभित्र जिल्ला अधिवेशन सम्पन्न गरी महाधिवेशनको लागि तयार रहन आह्वान गर्दछु । साथै नेपाली काँग्रेसको एघारौं महाधिवेशन स्थगन गर्न बाध्य तुल्याइएकोले केन्द्रीय कार्यसमितिबाट अर्को सूचना नभएसम्मका लागि एघारौं महाधिवेशन स्थगित गरिएको छ र वर्तमान केन्द्रीय कार्यसमितिको पदावधि नेपाली काँग्रेसको विधान २०१७ (२०५१, २०५४ र २०५७ मा परिमार्जन संशोधन गरी मिलाइएको रुपमा) को धारा ३३ (१) बमोजिम एघारौं महाधिवेशन सम्पन्न नभएसम्म थप गरिएको छ ।

अन्तमा प्रजातन्त्रको रक्षार्थ गरिने जनआन्दोलनमा सक्रिय सहभागिताको निमित्त सम्पूर्ण दाजु-भाइ दिदी-बहिनी समक्ष पुनः आह्वान गर्दछु ।

**जय नेपाल !**

फाल्गुण १७, २०६१

(गिरिजाप्रसाद कोइराला)
सभापति

# नेपाली काँग्रेसका सभापति श्री गिरिजाप्रसाद कोइरालाद्वारा मिति २०६१ माघ २१ गते बिहीबार जारी प्रेस विज्ञप्ति

२०४७ सालमा ठूलो संघर्ष र त्याग पश्चात नेपालले पहिलो पल्ट जनता सार्वभौम भएको प्रजातान्त्रिक संविधान बनायो । यो उपलब्धी हालिस गर्न सयौं नेपालीहरु शहीद बने भने अनगिन्ती परिवारहरु घरवेगर भए । तर राज ज्ञानेन्द्र गद्दी आशिन भए पश्चात संविधानलाई विचलित तुल्याउने प्रयासहरु हुन थाले । राजा ज्ञानेन्द्रको मनसाय २०५९ आश्विन १८ का दिन प्रष्ट भयो जब उनले जनतामा निहित सार्वभौमसत्तालाई अस्वीकार गरे त्यसदिन देखि आजसम्म राजा ज्ञानेन्द्रले कार्यकारिणी अधिकार आफूमा लिई देश र सरकार चलाउँदै आएका छन् । उनी राजनीतिक दलहरुलाई बदनाम गराउने प्रयत्नमा लागे । राजाको गैह्र संवैधानिक कार्यहरुलाई हामी सबैले विरोध गर्दै आइरहेका छौं । माघ १९ गते सबैको लागि आश्चर्य तब भयो, जब उनले देशलाई प्रत्यक्ष रुपले शासन गर्ने आफ्नो महत्वाकांक्षा उजागर गरे । १९ गतेको शाही कदम र त्यस पश्चातको कृयाकलाप २०४७ सालमा स्व. राजा वीरेन्द्र र नेपाली जनताबीच भएको सम्झौताको ठाडो उल्लंघन रहेको छ र नेपाली काँग्रेसको आसन्न एघारौं महाधिवेशन विथोल्ने प्रयास भएको छ ।

यस कठीन राजनीतिक घडीमा म सबै प्रजातन्त्रवादी जुझारु पत्रकारहरु, राजनीतिक कार्यकर्ताहरु, तरुण विद्यार्थीहरु तथा आम नेपाली दाजु-भाइ तथा दिदी-बहिनीहरुलाई राजाको यस गैह्र संवैधानिक तानाशाही कदमको विरोध गर्दै जनतालाई पुनः सार्वभौमसत्ता सम्पन्न बनाउन र २०४७ सालको संविधानलाई रक्षा गर्न सडकमा उत्रन आह्वान गर्दछु । साथै नेपाली काँग्रेसको आसन्न महाधिवेशनको तयारीमा लागिरहेका सम्पूर्ण कार्यकर्ता साथीहरुलाई विचलित नभई महाधिवेशन सफल बनाउनेको लागि संगठित हुन हार्दिक अपील पनि गर्दछु ।

राजाको यस गैह्र संवैधानिक कृयाकलापको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरबाटै विरोध भइरहेको यस परिप्रेक्ष्यमा कत्ति पनि विचलित नभई प्रजातन्त्रको रक्षाको लागि प्रजातन्त्रप्रेमी आम नेपाली दाजु-भाइ तथा दिदी-बहिनीहरुलाई संघर्षको मैदानमा उत्रन पुनः हार्दिक अपील गर्दछु ।

(गिरिजाप्रसाद कोइराला)
**सभापति**

महाराजगञ्ज, काठमाडौं नेपाल ।

---

नेपाली काँग्रेसका सभापति श्री गिरिजाप्रसाद कोइरालाले नजरवन्दवाट
सम्पूर्ण नेपाली दिदी-वहिनी तथा दाजु-भाइहरुमा गर्नु भएको

## अपील

आदरणीय दिदी-वहिनी एवं दाजु-भाइहरु,

२०६१ माघ १९ गतेको राजाको घोषणावाट हाम्रो देश गम्भीर रुपमा संकटको दलदलमा फसेको छ । निरंकुश, अधिनायकवादी, एकाधिकारवादी, हुकुमी शासन प्रारम्भ भएको छ - सैन्यवलको आधारमा । २००७ सालको जनक्रान्तिवाट प्राप्त प्रजातन्त्रलाई पटक-पटक राजाहरुवाट अपहरण गरिएको छ । माघ १९ गतेको शाही घोषणाले त यो समेत पुष्टी गरेको छ कि - हाम्रो मुलुकमा जन-प्रतिनिधिहरुलाई जनता र देशको सेवा गर्ने उद्देश्यले शासन गर्न दिने इच्छा राजामा रहेको छैन । राजाको यो महत्वाकाँक्षाले अन्ततः राजतन्त्रको निरन्तरतालाई नै अवरोध पुऱ्याउँनेछ । असोज १८ पछि चल्दै आएको राजाको परोक्ष शासनको पटाक्षेप भई प्रत्यक्ष शासनको निरंकुशता लादिएको मात्र छैन कि २०४६ सालको ऐतिहासिक जन आन्दोलनका उपलब्धिहरुलाई निमिट्यान्न पारिएको छ । देश पूर्ण रुपमा सैनिकीकरण र सर्वसत्तावादतर्फ प्रवेश गरिसकेको छ । असोज १८ को प्रतिगमन विरुद्ध नेपाली काँग्रेसले पूर्ण प्रजातन्त्र र जनअधिकारको पुनर्वहालीका लागि जुन आन्दोलन गर्दै आएको थियो त्यसलाई अझ उचाईमा विकसित गरी अब उप्रान्त राजावाट प्रजातन्त्रको अपहरण हुनै नसक्ने गरी अन्तिम आन्दोलन देशले मागेको छ र नियतिले यो जिम्मेवारीको अगुवाई अहिले हाम्रो काँधमा आइपरेको छ ।

आदरणीय दिदी-वहिनी तथा दाजु-भाइहरु,

राजाको यो महत्वाकाँक्षाको जन्म प्रतिनिधिसभाको २०५८ जेष्ट ८ गते विघटन गर्दा नै भएको कुरा हामीले कैयौं पटक भनिसकेका छौं । असोज १८ को घटनाले त यसको पुष्टी गरेकै थियो । आज यो कुत्सित मनसाय सबै नेपाली जनताले प्रमाण सहित वुझ्ने मौका पाए । आजको विश्व स्वतन्त्रता, मानवअधिकार, शान्ति र विकासप्रति खुला रुपले प्रतिवद्ध छ । एक्काइसौं शताव्दी यस मानेमा अझ अगाडि वढ्ने पक्का छ । यसैकारण नेपाली काँग्रेसले समयमा नै सडकमा उत्रिएर राजाको यो कदमको विरोध गरेको हो । यसै सन्दर्भमा संसदवादी चार दलले लगातार सडक संघर्ष चलाउँदै आएको सर्वविदितै छ ।

नेपाली जनताको रगतले लेखिएको नेपाल अधिराज्यको संविधान २०४७ लाई धुजा-धुजा पारी च्यातिएको छ । जनताका सबै अधिकारहरु उपभोग गर्न नपाइने गराइएको छ । राजनीतिक नेताहरु, युवा/विद्यार्थीहरु, संचारकर्मीहरु,

मानवाधिकारवादीहरुलाई पाशविक/ अमानवीय शैलीमा गिरप्तार गर्ने, यातना दिने कार्यले मात्र पूर्णता नपाई संचारका सम्पूर्ण माध्यमहरु  एफ.एम. रेडियो, टेलिभिजन नेटवर्कहरु, समाचारपत्रहरु आदिलाई पूर्णरुपले नियन्त्रण गरी आजको संसारबाट टेलिफोन, मोवाइल सेवाको समेत अपहरण भएको छ । जनताको न्यूनतम मौलिक हक अधिकारलाई समाप्त गरिएको छ ।

देशमा विद्यमान समस्याको उत्तम समाधान सार्वभौमसत्ता सम्पन्न जनताको सार्वभौम थलो प्रतिनिधिसभाको पुनर्स्थापना हो । राजाबाट त्यसलाई वास्ता गरिएन । प्रमाणित जनादेशलाई प्रायोजित भीड भनी जवरजस्ती वल प्रयोग गर्ने काम वर्तमान राजावाट भयो । वर्तमान संकट निकासका लागि राजा स्वयं वाधक वन्ने काम भयो । माघ १९ को घोषणाले संकटको निकासको ढोका राजाबाट नै वन्द भयो ।  २०४६ सालको परिवर्तनपछि प्रारम्भ भएको बहुदलीय प्रजातन्त्रिक अभ्यासको क्रममा हामीहरुवाट पनि केही त्रुटी नै भएको छैन भन्ने अहंकार हामीमा छैन । तर ती त्रुटीहरुलाई केलाएर गल्ती गर्नेहरुलाई सजाय दिने, सुधार गर्ने अवसर प्रदान गर्ने, दल र नेता समेत वदल्ने कार्य सार्वभौमसत्ता सम्पन्न जनताको मात्र अधिकार भित्रको क्षेत्र हो,  राजा वा अरु कसैको निरंकुश शैलीको अधिकार हैन भन्ने स्पस्ट धारणा नेपाली काँग्रेसको थियो, छ र रही रहनेछ ।

आदरणीय दिदी-वहिनी, दाजु-भाइहरु,

यो जटिल समस्याको समाधान अव एक्लै कसैले पनि गर्न सक्दैन । सम्प्रर्ण प्रजातन्त्रमा विश्वास गर्ने सम्पूर्ण राजनैतिक शक्तिहरु एकजुट भएर वर्तमान समस्याको निराकरण गर्नु पर्ने चुनौती हाम्रा सामु छ । यो चुनौतीको सामना गर्न स्वतन्त्रता, प्रजातन्त्र, मानवअधिकार, पूर्ण खुलापनका निमित्त अन्तिम पटक **शान्तिपूर्ण एवं अहिंसात्मक जनआन्दोलन**मा होमिनु परेको छ, कठोर संघर्षमा उत्रनु पर्ने भएको छ - राष्ट्र र भावि सन्ततिका लागि । हाम्रो देशको यस्तो जटिल अबस्थामा वाह्य जगतवाट नेपालको प्रजातान्त्रिक आन्दोलनका क्रममा पुऱ्याउँदै आएको सम्पूर्ण सहयोगको सऱ्हाहना गर्दै आगामी दिनमा पनि पुर्ण सहयोगको अपेक्षा समेत गर्दछु ।

आदरणीय दिदी-वहिनी र दाजु-भाइहरु,

अन्तमा, माघ १९ को शाही घोषणाको विरोधमा २०६१ साल फाल्गुन ७ गते प्रजातन्त्रको दिवसको दिनबाट शुरु हुने **शान्तिपूर्ण एवं अहिंसात्मक जनआन्दोलन**लाई अन्तिम पटक साथ दिन आन्दोलनरत सहयात्री संसदवादी चार दलहरु, प्रजातन्त्रप्रति प्रतिवद्ध अन्य राजनीतिक दलहरु, सबै प्रजातान्त्रिक  शक्तिहरु, भातृ तथा शुभेच्छुक संघ/संस्थाहरु, मानवाधिकारवादी संगठनहरु, महिला, तरुण/युवा, विद्यार्थी, मजदुर, किसान, वुद्धिजिवी, कानून व्यवसायी, प्राध्यापक, शिक्षक, डाक्टर, इन्जिनियर, पत्रकार, व्यापारी, उद्योगपति, कर्मचारी, नागरिक समाज एवं सवै वर्ग, पेशा, समुदाय र सवै धर्मावलम्वीहरुप्रति आ-आफ्ना ठाउँवाट सहयोग गर्न म हार्दिक अपिल गर्दछु । मेरो जीवनको अन्तिम सासको घडीसम्म पनि नेपाली जनताको सार्वभौम सत्ता सम्पन्न अधिकार, पूर्ण स्वतन्त्रता र प्रजातन्त्रको सवालमा कोही कसैसंग पनि कुनै प्रकारको सम्झौता नगर्ने संकल्प पूनः दोहोऱ्याउँदछु ।

जय नेपाल !

फाल्गुन ५ गते २०६१

(गिरिजाप्रसाद कोइराला)
**सभापति**

## सम्पादकीय

२०६१ माघ १९ गतेको श्री ५ ज्ञानेन्द्रको शाही कदमले नेपालको प्रजातन्त्र पूर्ण रुपमा समाप्त भएको छ । स्वतन्त्रता, प्रजातन्त्र र मानव अधिकारको पूर्ण वहालीका लागि आगामी पुस्ताले अब प्रजातन्त्रका निमित्त कहिल्यै आन्दोलन गर्नु नपर्ने गरी अन्तिम आन्दोलनमा होमिनु परेको छ । यस उद्देश्य परिपूर्तिका लागि नेपाली काँग्रेसले २०६१ फागुन ७ गतेदेखि "शान्तिपूर्ण एवं अहिंसात्मक जनआन्दोलन" शुरु गरिसकेको छ ।

राजनीतिक दलका क्रियाकलापमा बन्देज, संचार क्षेत्रमा नियन्त्रण र सेन्सरसीप, मानव अधिकारको हनन् गरी सेनाको बलमा राज्य संचालन गर्न चाहनु निरंकुश हुनु नै हो । यही निरंकुशताको विरुद्धमा अब सबै संसदवादी दलहरु, सवै प्रजातान्त्रिक  शक्तिहरु, भातृ तथा शुभेच्छुक संघ/संस्थाहरु, मानवाधिकारवादी संगठनहरु, महिला, तरुण/युवा, विद्यार्थी, मजदुर, किसान, वुद्धिजिवी, कानून व्यवासायी, प्राध्यापक, शिक्षक, डाक्टर, इन्जिनियर, पत्रकार, व्यापारी, उद्योगपति, कर्मचारी, नागरिक समाज, सवै वर्ग, पेशा, समुदाय र सवै धर्मालम्वीहरुलाई आन्दोलनमा सहभागी भै सहयोग गर्न नेपाली काँग्रेसले पुनः अनुरोध गरेको छ ।

नेपाली काँग्रेसले जनआन्दोलनको अवधि भरी वुलेटिनलाई नियमित रुपमा प्रकाशित गर्ने उद्देश्यका साथ सबै सामु यो उपस्थित छ । सहयोगको अपेक्षा सहित !

# २०६१ माघ १९ गते राजाको शाही घोषणा पश्चात नेपाली काँग्रेसद्वारा विभिन्न मितिमा जारी प्रेस विज्ञप्तिहरु

माघ १९, २०६१

प्रेस विज्ञप्ति

आजको शाही घोषणाबाट सिंगो मुलुक नै स्तब्ध भएको छ। बहुदलीय प्रजातन्त्रलाई समाप्त गर्ने यो कदमले राष्ट्रलाई अत्यन्त जटिल अवस्थातिर धकेलिदिएको छ। राजाको यो कदम २०४६ सालको ऐतिहासिक जनआन्दोलनबाट प्राप्त नेपाल अधिराज्यको संविधान २०४७ को ठाडो उल्लंघन, संचार क्षेत्रमा भएको निकृष्ट प्रहार र प्रजातन्त्र विरोधी कदमका रुपमा नेपाली काँग्रेसले लिएको छ।

एक्काइसौं शताब्दीमा निरंकुशता र एकाधिकारबाट राज्य संचालन गर्न सकिन्छ भन्ने राजाको धारणाको पूर्ण विरोध गरिन्छ। राजाले मुलुकलाई पछाडि धकेल्न गरेको दुष्प्रयासको नेपाली काँग्रेस घोर निन्दा र भर्त्सना गर्दछ। असंवैधानिक, अप्रजातान्त्रिक, निरंकुशता र प्रतिगमनको विरोधमा उत्रिई जनअधिकारको पूर्ण बहालीका लागि संघर्षमा ओर्लन पार्टी एवं यसका भातृ संस्थाका सबै कार्यकर्ताहरु लगायत प्रजातन्त्रप्रेमी सम्पूर्ण दाजु-भाइ तथा दिदीबहिनीहरुमा नेपाली काँग्रेस हार्दिक आह्वान गर्दछ।

---

माघ १९, २०६१

प्रवक्ता अर्जुननरसिंह के.सी.द्वारा जारी प्रेस विज्ञप्ति

यही २०६१ माघ १९ गते राजाको शाही घोषणाबाट ऐतिहासिक जनआन्दोलन २०४६ को उपलब्धी स्वरुप प्राप्त २०४७ सालको संविधान पूर्ण रुपमा उल्लंघन भएको छ।

यसबाट प्रजातान्त्रिक मूल्य, मान्यता, प्रेस स्वतन्त्रता र मानव अधिकारमाथि गम्भीर आघात पुगेको छ।

६० वर्ष लामो इतिहासमा नेपाली काँग्रेसले सधैं निरंकुशता विरुद्ध सशक्त आन्दोलन गर्दै आएको छ र कुनै पनि नाममा लादिने निरंकुशता र सर्वसत्तावादलाई नेपाली काँग्रेसलाई कहिल्यै स्वीकार्य हुने छैन।

सैनिक बलको भरमा राज्यसत्ता कब्जा गर्ने राजाको यो कदमले अन्ततः राजतन्त्रकै लागि घातकसिद्ध हुनेछ।

यस कदम विरुद्ध एकजुट हुन सम्पूर्ण देशवासीमा नेपाली काँग्रेस हार्दिक आग्रह गर्दछ।

यस घटनाबाट सम्पूर्ण संसदीय फाँटका प्रजातन्त्रवादी शक्तिहरु एक ठाउँमा उभिनुपर्ने आवश्यकता टड्कारो रुपमा देखिएको छ भने नेपाली काँग्रेस बीचको एकता अपरिहार्य भएको छ।

---

फाल्गुण २, २०६१

**प्रेस विज्ञप्ति**

यही २०६१ माघ १९ गते श्री ५ ज्ञानेन्द्रको शाही घोषणाले नेपालमा प्रजातन्त्र पूर्णतया समाप्त भएको र राजाको एकतन्त्रीय हुकुमी शासन शुरु भएको छ। राजाको यो स्वेच्छाचारी कदमको स्वदेश तथा विदेशबाट भर्त्सना गरिएको छ। आज स्वेच्छाचारिताको चरम सिमामा पुगी संचार माध्यमहरुमा समेत प्रतिबन्ध छ। राजाको यो कदम अधिनायकवादी, निरंकुश, सर्वसत्तावादी भएको हुनाले यसलाई परास्त गर्न आवश्यक भएको छ। नेपाली काँग्रेसका सभापति श्री गिरिजाप्रसाद कोइरालाले सबै देशवासीलाई पुनः एकपटक अधिनायकवादको विरुद्ध संघर्षमा उत्रन गर्नु भएको आह्वान सार्वजनिक भैसकेको छ। नेपाली काँग्रेसले पूर्ण प्रजातन्त्र र जनअधिकारको पुनर्वहालीका लागि **शान्तिपूर्ण एवं अहिंसात्मक जनआन्दोलन** गर्ने निर्णय गरे अनुरुप विरोध प्रदर्शन, मशाल जुलुस, हड्ताल, धर्ना आदि जस्ता कार्यक्रमहरु सहित सार्वजनिक स्थानमा दैनिक विरोध प्रदर्शन एवं शान्तिपूर्ण जनआन्दोलनको माध्यमद्वारा जिल्लाका सबै कार्यकर्ताहरुलाई पालैपालो गरी प्रजातन्त्रको पक्षमा उभ्याई गिरफ्तारी दिने जस्ता कार्यक्रमहरु पनि संचालन गर्न निर्देशन दिएको छ। हाम्रा कार्यक्रमहरु पूर्णतया अहिंसात्मक र शान्तिपूर्ण हुनेछन्।

माघ १९ को शाही घोषणाको विरोधमा २०६१ साल फाल्गुन ७ गते प्रजातन्त्र दिवसको दिनवाट शुरु हुने निर्णायक जनआन्दोलनलाई अन्तिम पटक साथ दिन आन्दोलनरत् सहयात्री संसदवादी चार दलहरु, सवै प्रजातान्त्रिक शक्तिहरु, भातृ तथा शुभेच्छुक संघ/संस्थाहरु, मानवाधिकारवादी संगठनहरु, महिला, तरुण/युवा, विद्यार्थी, मजदुर, किसान, बुद्धिजिवी, कानून व्यवसायी, प्राध्यापक, शिक्षक, डाक्टर, इन्जिनियर, पत्रकार, व्यापारी, उद्योगपति, कर्मचारी, नागरिक समाज, सवै वर्ग, पेशा, समुदाय र सवै धर्मालम्वीहरु प्रति आ-आफ्ना ठाउँवाट सहयोग गर्न नेपाली कांग्रेस हार्दिक अपील गर्दछ।

जय नेपाल !

---

## नेपाली काँग्रेस केन्द्रीय निर्वाचन समितिको प्रेस विज्ञप्ति

नेपाली काँग्रेसका सभापतिज्यूबाट जारी भएको विज्ञप्ति अनुसार २०६१ साल फाल्गुण १९ देखि २२ गतेसम्म गरिने भनी घोषित गरिएको नेपाली काँग्रेसको महाधिवेशन अर्को सूचना नभएसम्म स्थगित गरिएको कारण सोही महाधिवेशनकै अभिन्न अंगको रुपमा रहेको नेपाली काँग्रेस केन्द्रीय कार्यसमितिको निर्वाचन सम्पन्न हुन नसक्ने भएकोले तोकिएको निर्वाचन कार्यक्रम समेत अर्को सूचना नभएसम्म स्थगित गरिएको छ।

साथै अधिकांश जिल्लाहरुको अधिवेशन (निर्वाचन) सम्पन्न भइसकेको र केही जिल्लाहरुमा मात्र बाँकी रहेको हुँदा एघारौं महाधिवेशन हुनु अगावै तोकिएको समयभित्र सम्पन्न गर्ने गरी यसै सूचनाद्वारा सम्बन्धित सबै साथीहरुलाई जानकारी गराइएको छ।

कुलबहादुर गुरुङ
संयोजक

फाल्गुण १७, २०६१

---

माघ २०, २०६१

प्रेस विज्ञप्ति

२०६१ माघ १९ गतेको शाही घोषणाको विरुद्धमा नेपाली काँग्रेसले आफ्नो विरोध हिजो नै

सार्वजनिक गरिसेकेको छ । शाही घोषणाको लगत्तै नेपाली काँग्रेसका सभापति श्री गिरिजाप्रसाद कोइराला लगायत सयौँ नेता एवं हजारौँ युवा विद्यार्थीहरुलाई राज्य पक्षले पाशविक शैलीमा नजरवन्द, पक्राउ र यातना दिएको छ । यस्तो अप्रजातान्त्रिक, निरंकुश क्रियाकलापको नेपाली काँग्रेस घोर विरोध र भर्त्सना गर्दछ ।

राजाको त्यो घोषणाले नेपालको प्रजातन्त्र पूर्ण रुपेण समाप्त पार्नुका अतिरिक्त मानव अधिकारको घोर उल्लंघन भएको छ । प्रजातन्त्र एवं मानव अधिकारको पुनर्वहालीका निमित्त गरिने जनआन्दोलनलाई सहयोग र समर्थन गर्न सम्पूर्ण प्रजातन्त्रप्रेमी दिदी-बहिनी, दाजु-भाइ तथा राष्ट्रिय, अन्तर्राष्ट्रिय मानव अधिकारवादी संघ संस्थाहरुसँग नेपाली काँग्रेस हार्दिक आह्वान गर्दछ ।

जय नेपाल !

---

फागुन ९, २०६१

**प्रेस विज्ञप्ति**

श्री ५ ज्ञानेन्द्रको गत २०६१ माघ १९ गतेको शाही घोषणाले नेपालमा प्रजातन्त्र पूर्णतया समाप्त भएको र राजाको एकतन्त्रीय हुकुमी शासनको शुरुवात भएको छ । आज हाम्रो देश अत्यन्त ठूलो संकट र भयावह अवस्थामा गुज्रिरहेको छ । देशलाई यो अवस्थाबाट जोगाएर प्रत्येक देशवासीले निर्धक्कसँग आफ्नो शिर उच्चा गरेर शान्तिपूर्ण तवरले बाँच्न पाउने परिस्थितिको निर्माण गर्ने गहन जिम्मेवारी अहिले प्रजातन्त्रप्रति आस्थावान सबै नेपालीको काँधमा आएको छ । नेपाली काँग्रेसका सभापति श्री गिरिजाप्रसाद कोइरालाले देशवासीलाई अधिनायकवादको विरुद्ध संघर्षमा उत्रन बारम्बार आह्वान गरिसक्नु भएको यहाँहरुलाई अवगतै छ । राजाको स्वेच्छाचारी कदमबाट शान्ति, प्रजातन्त्र र मानव अधिकारमाथि गम्भीर संकट परेको यस विषम परिस्थितिमा नेपाली काँग्रेस मुकदर्शक भएर बस्न सक्दैन । राजाबाट खोसिएका जनताका प्रजातान्त्रिक अधिकारहरुको पुनर्वहाली गर्ने कार्य जति विलम्व हुँदै जान्छ, त्यति नै अझ अरु विकराल समस्याहरु भोग्न राष्ट्रले वाध्य हुनु पर्नेछ भन्ने मान्यताका आधारमा फागुन ७ गते प्रजातन्त्र दिवसको दिनबाट नेपाली काँग्रेसले **शान्तिपूर्ण एवं अहिंसात्मक जनआन्दोलन** प्रारम्भ गर्ने निर्णय गरेको र सो अनुरुप नेपाली काँग्रेसले अधिराज्यव्यापी आफ्नो गिरफ्तारी दिई जनआन्दोलनको शंखनाध गरीसकेको छ । अहिले मेचीदेखि महाकालीसम्म र हिमालदेखि तराईसम्म सम्पूर्ण मुलुक आन्दोलित भएर उठेको छ । जनताका खोसिएका अधिकारहरु फिर्ता गरेर सार्वभौमसत्ता पूर्ण रुपले जनतामा स्थापित नगरेसम्म नेपाली काँग्रेसले **शान्तिपूर्ण र अहिंसात्मक जनआन्दोलन**का कार्यक्रमहरुलाई निरन्तरता दिइरहनेछ । सोही अनुरुप गर्नु गराउनका लागि पार्टीका सबै निकाय एवं भातृ संस्थाहरुलाई परिपत्र गरिसकेको छ ।

जनता नै सम्पूर्ण शक्तिका स्रोत हुन । राजाको स्वेच्छाचारी र निरंकुश शासनको विरोध गर्दै आफ्नो अधिकार प्राप्तिको संघर्षमा दृढ संकल्पका साथ जनता उठेपछि त्यसलाई कसैले पनि रोक्न सक्दैन । अन्ततः जीत जनताकै हुन्छ । प्रतिगमनको अन्त्य नभएसम्म यो अझ सक्रिय रुपमा अघि बढिरहनेछ । प्रजातान्त्रिक हक र अधिकार प्राप्तिका लागि अलिकति पनि विचलित नभएर जनआन्दोलनलाई अघि बढाउन अनवरत तवरले समर्थन, सहयोग र सहभागिता प्रदान गर्ने सबैमा नेपाली काँग्रेस हार्दिक आभार व्यक्त गर्दछ र यो जनआन्दोलनलाई अझ सशक्त र अझ प्रभावकारी ढंगले अघि बढाउन पुनः यस्तै सहयोग, समर्थन र सहभागिताको नेपाली काँग्रेस अपेक्षा गर्दछ ।

---

# Socialist International Press Release

**Socialist International calls for restoration of democratic rule in Nepal**

The Socilist International condemns the suspension of the constitution and the declaration of a state of emergency, the imposition of a climate of fear and insecurity, the detention of political leaders, human rights activists and journalists and the general deterioration of civil liberties and human rights in Nepal.

Reaffirming its solidarity with the democratic forces in the country, including its member party, Nepali Congress and other political forces who cooperate with the international, and firmly supporting the call for nationwide peaceful protestes on 18 February, the socialist international urges King Gyanendra to quickly return the country to democratic rule through an integrated apporach with the country's political parties and to re-establish the parliament in order to resolve the present political crisis.

The International, recognising the great pain inflicted upon the people of Nepal by the continuing conflict between insurgents and government forces, believes that peace and security for all citizens can only be achieved through the restoration of democracy, the strengtheing of democratic institutions and the sincere efforts toward negotiations by all sides, and calls upon the international community to contribute in every possible way to furthering this process.

10 February 2005

# नयाँ दिल्लीमा नेपाल सम्बन्धी सम्मेलन

२४ फेब्रुअरी, नयाँ दिल्ली । भारतको नयाँ दिल्लीमा नेपालको राजनीतिक परिवर्तन सम्बन्धमा विभिन्न भारतीय राजनीतिक दलहरु सम्मिलित "नेपाल डेमोक्र्यासी सोलिड्यारी कन्भेन्सन" नामक सम्मेलन सम्पन्न भएको छ । भारतका भूतपूर्व प्रधानमन्त्री चन्द्रशेखरले उद्घाटन मन्तव्य दिंदै नेपालमा राजाको वर्तमान कदम अत्यन्त अनुत्तरदायी, गैर-जिम्मेवार र व्यक्तिगत स्वार्थका लागि भएको उल्लेख गर्नु भयो । राजाको वर्तमान कदम कदापि सफल नहुने बताउँदै चन्द्रशेखरले लाखौं नेपाली जनताको आकांक्षालाई अवहेलना गर्दै राजाबाट चालिएको यो कदमलाई भारतीय जनताले कदापि साथ दिने छैनन् भन्नु भयो । नेशनालिष्ट काँग्रेस पार्टीका महासचिव देवप्रकाश त्रिपाठीको सकृयतामा शुरु भएको उक्त सम्मेलनमा नेपालबाट पुगेका नेताहरुको पनि उपस्थिति थियो ।

संकटकालको घोषणा फिर्ता गर, प्रेस स्वतन्त्रता कायम गर, राजनीतिक बन्दीहरुलाई रिहा गर, जनताको अधिकार फिर्ता गर, बहुदलीय प्रजातन्त्र माथिको षडयन्त्र बन्द गर जस्ता व्यानरहरु उक्त सम्मेलन स्थलमा राखिएको थियो । भारतीय कम्युनिष्ट पार्टी (मार्क्सवादी) का महासचिव हरिकिशन सिंह सुरजितले स्वागत मन्तव्यमा राजाले नेपालमा प्रजातन्त्रको हत्या गरेको आरोप लगाउँदै नेपालमा प्रजातन्त्र पुनर्स्थापनामा आफ्नो पूर्ण प्रतिवद्धता रहेको जनाउनु भयो । उक्त सम्मेलनमा सोसलिष्ट प्रान्तका प्रोफेसर अनिल मिश्राले नेपालमा प्रजातन्त्रको स्थापनार्थ सामूहिक एजेण्डा प्रस्तुत गर्नु भएको थियो । राष्ट्रिय लोक दलका अध्यक्ष चिवधरी अजित सिंह, भारतीय कम्युनिष्ट पार्टीका स्थायी समिति सदस्य अमरजित सिंह कुँवर, भारतीय कम्युनिष्ट पार्टी (मार्क्सवादी, लेलिनवादी) का महासचिव दिपंकर भट्टाचार्य, भारतीय राष्ट्रिय काँग्रेसका केन्द्रीय सदस्य रोमेश भण्डारी, फरवांड ब्लकका महासचिव देवव्रत विश्वास, नेपालका लागि भूतपूर्व भारतीय राजदूत प्रोफेसर विमलप्रसाद, वरिष्ठ समाजवादी नेता सुरेन्द्र मोहन, भारतीय राष्ट्रिय काँग्रेसका केन्द्रीय सदस्य तथा प्रवक्ता आनन्द शर्मा, सोसलिष्ट प्रान्तका संयोजक विजय प्रताप, भारतीय कम्युनिष्ट पार्टीका ए.वि.वर्धन, जनविकास काँग्रेसका अध्यक्ष दिलिप सिंह भूरिया र समाजवादी पार्टीका वरिष्ठ नेता व्रिज भूषण तिवारीले उक्त सम्मेलनलाई सम्बोधन गर्नु भएको थियो ।

राजाको प्रतिगामी कदम, अदूरदर्शिता, धूर्त व्यवहार, अपरिपक्वता र महत्वकांक्षाको बारेमा उक्त सम्मेलनमा प्रशस्त चर्चा भएको थियो । राजाको यो कदमलाई भारतीय राजनीतिक दलहरुबाट कदापि समर्थन प्राप्त नहुने र नेपालमा प्रजातन्त्र स्थापनाको लागि प्रशस्त सहयोग प्राप्त हुने वचनवद्धता उक्त सम्मेलनमा व्यक्त गरिएको थियो । राजाले तत्काल आफ्नो कदम नसच्याए समग्र राजतन्त्र नै खतरामा पर्ने जनाउ विभिन्न भारतीय नेताहरुले उक्त सम्मेलनमा दिएका थिए । उक्त अवसरमा नेपालको सुरक्षा र प्रजातन्त्र भारतीयहरुका लागि सधैं चासो विषय रहने कुरा भारतीय कम्युनिष्ट पार्टी (मार्क्सवादी, लेलिनवादी) का महासचिव दिपंकर भट्टाचार्यले बनाउँदै नेपालबाट राजतन्त्र सदाका लागि हटाउनु पर्ने विचार व्यक्त गर्नु भयो ।

भारतका भूतपूर्व प्रधानमन्त्री बी.पी. सिंहले समापन मन्तव्य दिदै राजा ज्ञानेन्द्र अत्यन्त अदूरदर्शी भएको र माओवादीसँग जनताको समर्थन विना राजा एक्लै लड्न नसक्ने कुरा बताउनु भयो ।

---

# युरोपियन संसदको प्रतिक्रिया

२५ फेब्रुअरी, लण्डन । युरोपियन संसदले राजाको वर्तमान कदमको आलोचना गर्दै आफ्ना सबै सदस्यहरुलाई नेपालमा प्रजातन्त्र पुनर्स्थापना गर्नका लागि आफ्नो तर्फबाट प्रयास गर्न अनुरोध गरेको छ । ७३२ सदस्यहरु सम्मिलित युरोपेली संसदले नेपालमा संसदीय प्रजातन्त्रको पुनर्वहाली तर्फ जोड दिंदै राजाको कदम अनुचित भएको प्रकाश पारेको छ । युरोपेली संसदले तिब्बती शरणार्थी कार्यालय पुनः खोल्न दिन अनुमति प्रदान गर्नु पर्ने पनि जनाएको छ । यसैबीच युरोपेली संघले नेपालको स्थिति बारे पारित आफ्नो घोषणालाई सार्वजनिक गर्दै तत्काल संकटकाल फिर्ता लिन आग्रह गरेको छ । राजाको कदमले द्वन्दको संवाद र प्रजातन्त्रमा आधारित समाधानलाई गम्भीर धक्का पुऱ्याएको निष्कर्ष निकालेको छ । संघले जनप्रतिनिधिमूलक प्रजातन्त्रको पुनर्स्थापनाका निम्ति विशेष जोड दिंदै संकटकालको अध्यादेश अन्तर्गत थुनामा राखिएका सबै राजनीतिक र अन्य वन्दी तत्काल रिहा गर्न राजनीतिक दललाई संगठित र परिचालन हुन दिन विज्ञप्ति मार्फत आग्रह गरेको छ ।

---

# अमेरिकाद्वारा सैनिक सहायता रोक्न आग्रह

वासिङ्टन । अमेरिकाले बेलायत र भारतलाई नेपाललाई दिइदै आएको सम्पूर्ण सैनिक सहायता रोक्न आग्रह गरेको छ । अन्तर्राष्ट्रिय समुदायलाई राजा ज्ञानेन्द्रको माघ १९ को प्रतिगामी कदम किञ्चित पनि स्वीकार्य नभएको कुरा एमनेष्टि इन्टरनेशनल-अमेरिकाका निर्देशक ति. कुमारले वासिङ्टनमा बताउनु भएको छ । मानव अधिकारको प्रत्याभूति र

प्रजातन्त्रको पुनर्वहाली विना राजा ज्ञानेन्द्रले कुनै पनि सहयोग प्राप्त गर्ने छैनन् र यो वर्षको लागि नेपाललाई छुट्याइएको एक करोड पचास लाख अमेरिकी डलरको सैन्य सहयोग विचाराधिन अवस्थामा रहेको जानकारी पनि उक्त अवसरमा दिइएको थियो । ह्युमन राइट्स वाचका एशिया निर्देशक ब्राड एडम्सले नेपालमा सेनाले शक्तिको गलत प्रयोग गरेको र अझ गर्न सक्ने सम्भावना रहेको पनि बताउनु भयो ।

---

# विश्व बैंकद्वारा सात करोड अमेरिकी डलर सहायता रोक्का

काठमाडौं । विश्व बैंकले गरीबी निवारण कार्यक्रम अन्तर्गत सम्झौता अनुरुपको नेपाललाई प्रदान गर्नु पर्ने सात करोड अमेरीकी डलर बराबरको ऋण सहायता हाल नदिने निर्णय गरेको छ । उक्त कुराको जानकारी नेपालका लागि विश्व बैंकका निर्देशक बुने ओहासीले वर्तमान अर्थमन्त्री मधुकर शम्शेरलाई दिनु भएको छ । नेपालको कार्यान्वयन पक्षमा ढिलासुस्ती देखिएको कारण उक्त सम्झौता रद्द गरिएको बताइए पनि माघ १९ को प्रतिक्रिया स्वरुप विश्व बैंकले उक्त कदम चालेको विश्लेषण गरिएको छ ।

---

# अन्तर्राष्ट्रिय क्राइसिस समूहद्वारा नेपालको शाही सैन्यविप्लवलाई प्रत्युत्तर

२४ फेब्रुअरी, ब्रसेल्स । विश्वभर द्वन्द रोक्न कार्यरत विभिन्न देशहरु सम्मिलित अन्तर्राष्ट्रिय क्राइसिस समूहको ब्रसेल्समा बसेको बैठकले नेपालमा माघ १९ को शाही कदमको भर्त्सना गरेको छ । राजा ज्ञानेन्द्रले सत्ता हत्याएर राजनीतिक दलका नेताहरुलाई गिरफ्तार गर्ने कार्यले माओवादीलाई सहयोग गर्ने र गृहयुद्ध झनै चर्किने सम्भावना बढेको उल्लेख गर्दै यो सैन्यविप्लवलाई स्वीकार गरी अकर्मण्यता प्रदर्शन गर्नाले झनै नराम्रो हिंसाको ढोका खुल्ने सम्भावना बढेर जाने कुरा उक्त क्राइसिस समूहले उल्लेख गरेको छ ।

नेपालको वर्तमान परिस्थितिलाई नियाल्दै यस मुलुकमा संलग्न रहेको प्रमुख देशहरु तथा संगठनहरु अर्थात भारत, संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य र संयुक्त राष्ट्र संघद्वारा यो ढल्नै लागेको राज्यलाई सबल तुल्याउन र माओवादी विद्रोहको सामना गर्नका निमित्त योजना निर्माण गर्न अब संयुक्त रुपले कार्य गर्नु जरुरी रहेको कुरा पनि उक्त समूहद्वारा प्रकाशित विज्ञप्तिमा उल्लेख गरिएको छ । क्राइसिस समूहले नेपालको वर्तमान अवस्थालाई सम्बोधन गर्न विभिन्न नीतिगत प्राथमिकताहरु अवलम्वन गरिनु पर्नेमा जोड दिएको छ ।

नेपालमा प्रजातन्त्रको पुनर्स्थापना, शाही दमन पश्चात गिरफ्तार गरिएको सबै व्यक्तिहरुको रिहाइ, मानव अधिकारको संरक्षण र स्वतन्त्रताको पुनर्वहाली गर्न दातृ संस्थाहरुद्वारा शाही सरकारमाथि दवाव दिनका निमित्त तत्कालै केही कदमहरु चालिनुपर्ने आवश्यकता औंल्याइएको छ । दातृ संस्थाहरुले नेपाल सरकारलाई दिइने सबै दुईपक्षीय तथा बहुपक्षीय आर्थिक सहायता निलम्वन गर्नु पर्ने, सैनिक सहयोग रोक्नुपर्ने, कुटनीतिक तथा पदीय शिष्टाचार जस्ता माध्यमहरुद्वारा राजाको कदमप्रति आफू अप्रसन्न भएको संकेत दिनुपर्ने र मार्च २००५ मा जेनेभामा हुने मानव अधिकार सम्बन्धि संयुक्त राष्ट्र संघीय आयोगमा मानव अधिकार सम्बन्धी कडा प्रस्तावलाई समर्थन दिनु पर्ने जस्ता कदमहरु चाल्न उक्त समूहले सबै दातृ समुदाय तथा विदेशी राष्ट्रहरुलाई अनुरोध गरेको छ ।

नेपालको एजेण्डामा सबै राष्ट्रहरु सम्मिलित सम्पर्क समूह बनाउनु पर्ने र विभिन्न दवावमूलक कार्यहरु गरिनु पर्ने उल्लेख गर्दै समूहले यति गर्दा पनि राजाले आफ्नो हठ नत्यागेको खण्डमा यो अन्तर्राष्ट्रिय समुदायले संवैधानिक राजतन्त्रको सट्टा गणतन्त्रप्रति आफ्नो समर्थन प्रकट गर्ने लगायतका बढी क्रान्तिकारी विकल्पहरुबारे सोच विचार गर्ने समय आउन सक्ने चेतावनी पनि दिएको छ ।

---

# नेपाल डेमोक्र्याटिक युथ काउन्सीलद्वारा अमेरिकामा प्रदर्शन

१० फेब्रुअरी, न्यूयोर्क । अमेरिकामा रहेका प्रजातन्त्रवादी नेपालीहरुले न्यूर्योक स्थित संयुक्त राष्ट्र संघको हेडक्वार्टर अगाडि राजाको प्रतिगामी कदम विरुद्ध शान्तिपूर्ण प्रदर्शन गरेका छन् ।

सय जना भन्दा बढी नेपालीहरु सम्मिलित उक्त प्रदर्शनको प्रमुख उद्देश्य माघ १९ गते राजाको अदूरदर्शी र गैर संवैधानिक कदमका विरुद्ध दवाव दिन संयुक्त राष्ट्र संघ, अन्तर्राष्ट्रिय समुदाय र मानव अधिकारवादी संगठनहरुलाई अपील गर्नु रहेको जनाइएको छ । काउन्सीलका सभापति आनन्द विष्टद्वारा प्रकाशित विज्ञप्ति अनुसार राजालाई शाही कदम पश्चात गिरफ्तार गरिएका सबैलाई रिहा गर्न अपील गरिनुका साथै संविधानका सबै निलम्वित धाराहरु फुकुवा गर्न अनुरोध गरिएको छ । अमेरिकामा रही विभिन्न पेशामा संलग्न व्यक्तिहरु, विद्यार्थी, कानूनविद, पत्रकार, चिकित्सक लगायतका व्यक्तिहरुको उक्त प्रदर्शनमा सहभागिता रहेको थियो ।

यसमा छुट भएका नामावलीहरु अर्को बुलेटिनमा प्रकाशित गरिनेछ।

# नेपाली काँग्रेस

## केन्द्रीय कार्यालय

## २०६१ माघ १९ को शाही घोषाणादेखि गिरफ्तार भएकाहरु

| क.सं. | नाम | पद-ठेगाना | मिति | स्थान | कैफियत |
|---|---|---|---|---|---|
| 1. | श्री गिरिजाप्रसाद कोइराला | सभापति | २०६१–१०–१९ | काठमाडौं | नजरवन्द |
| 2. | श्री सुशील कोइराला | महामन्त्री | ,, | नेपालगञ्ज | |
| 3. | श्री गोविन्दराज जोशी | सह-महामन्त्री | ,, | तनहुँ | |
| 4. | श्रीमती नोना कोइराला | सदस्य, के.का.स. | ,, | काठमाडौं | |
| 5. | श्री रामचन्द्र पौडेल | सदस्य, के.का.स. | ,, | तनहुँ | |
| 6. | श्री लक्ष्मणप्रसाद घिमिरे | ,, | ,, | काठमाडौं | |
| 7. | श्री गोपालराज पहाडी | ,, | ,, | ,, | |
| 8. | श्री नरहरि आचार्य | ,, | ,, | ,, | |
| 9. | श्री अर्जुननरसिंह के.सी. | सदस्य एवं प्रवक्ता, के.का.स. | २०६१–११–०४ | ,, | |
| 10. | श्री सुनीलकुमार भण्डारी | सदस्य, के.का.स. | २०६१–११–०७ | कैलाली | |
| 11. | श्री तारिणीदत्त चटौत | पूर्व केन्द्रीय सदस्य | | ,, | समेत २१ जना |
| 12. | श्री गोपाल राई | पूर्व केन्द्रीय सदस्य | | काठमाडौं | |
| 13. | श्री सुरेन्द्रप्रसाद चौधरी | पूर्व केन्द्रीय सदस्य | | वीरगञ्ज | |
| 14. | मा. अशोक कोइराला | जिल्ला सभापति मोरङ | | विराटनगर | समेत २५ जना |
| 15. | मा. जीतबहादुर पुरी | ,, झापा | | ,, | |
| 16. | मा. शुक्रराज शर्मा | ,, कास्की | २०६१–११–०७ | पोखरा | समेत ८० जना/५ जनालाई थुनुवा पुर्जी |
| 17. | श्री लेखनाथ न्यौपाने | ,, भक्तपुर | | काठमाडौं | |
| 18. | श्री रामनाथ अधिकारी | ,, धादिङ | | ,, | |
| 19. | श्री तीर्थराम डंगोल | ,, काठमाडौं | | ,, | |
| 20. | श्री मधु आचार्य | ,, काभ्रे | | ,, | |
| 21. | श्री रामकुमार चौधरी | ,, सप्तरी | | राजविराज | |
| 22. | श्री शिवकुमार बस्नेत | ,, खोटाङ | | काठमाडौं | |
| 23. | श्री गंगादत्त जोशी | ,, कञ्चनपुर | | महेन्द्रनगर | |
| 24. | श्री सत्यराज भण्डारी | ,, बझाङ | ,, | ,, | |
| 25. | श्री आफ्ताव आलम | ,, रौतहट | | रौतहट | समेत ३५ जना |
| 26. | श्री मुक्तिप्रसाद शर्मा | ,, प्यूठान | २०६१–११–०७ | काठमाडौं | |
| 27. | श्री रामकृष्ण यादव | ,, धनुषा | ,, | ,, | |
| 28. | श्री अनिस अन्सारी | पूर्व सांसद | | राजविराज | |
| 29. | श्री आमोदप्रसाद उपाध्याय | पूर्व सांसद | | ,, | |
| 30. | श्री रामबहादुर विष्ट | पूर्व सांसद, अछाम | २०६१–११–०७ | काठमाडौं | |
| 31. | श्री भरतराज भण्डारी | थापाथली, काठमाडौं | ,, | ,, | |
| 32. | श्री लवश्री न्यौपाने | जिल्ला उपसभापति, रामेछाप | ,, | ,, | |
| 33. | श्री मानबहादुर विश्वकर्मा | अध्यक्ष–नेपाल दलित संघ | ,, | ,, | |
| 34. | श्री हरिभक्त अधिकारी | पूर्व सांसद, लम्जुङ | ,, | ,, | |
| 35. | श्री राजेन्द्र धिताल | दाङ | ,, | ,, | |
| 36. | श्री बालचन्द्र पौडेल | रसुवा | ,, | ,, | |
| 37. | श्री गोपाल सुवेदी | वडा सभापति, काठमाडौं–८ | ,, | ,, | |
| 38. | श्री प्रभात आले | तनहुँ | ,, | ,, | |
| 39. | श्री राजेन्द्र के.सी. | मकवानपुर | ,, | ,, | |

| | | | | | |
|---|---|---|---|---|---|
| 40. | श्रीमती मीना पाण्डे | अध्यक्ष–नेपाल महिला संघ | ,, | ,, | |
| 41. | प्रा.डा. सौभाग्यजंग कार्की | | ,, | ,, | |
| 42. | प्रा. खगेन्द्र भट्टराई | | ,, | ,, | |
| 43. | प्रा.डा. कृष्णप्रसाद दाहाल | | ,, | ,, | |
| 44. | श्री कृष्ण खड्का | भोजपुर | २०६१–११–०७ | काठमाडौँ | |
| 45. | श्री राजन दाहाल | खोटाङ | ,, | ,, | |
| 46. | श्री कमलबहादुर खत्री | सुर्खेत | ,, | ,, | |
| 47. | श्री हरिप्रसाद कोइराला | मकवानपुर | ,, | ,, | |
| 48. | श्री रामकुमार मुल्मी | काभ्रे | ,, | ,, | |
| 49. | श्रीमती सरिता वन | काठमाडौँ | ,, | ,, | |
| 50. | श्री जगदीश कुइकेल | नुवाकोट | ,, | ,, | |
| 51. | श्री रामप्रसाद काफ्ले | काठमाडौँ–३४ | ,, | ,, | |
| 52. | श्री केशवराज पौडेल | पूर्व अध्यक्ष– नेविसंघ कीर्तिपुर | ,, | ,, | |
| 53. | श्री प्रदीप खड्का | पूर्व उपाध्यक्ष– ,, | ,, | ,, | |
| 54. | श्री विशाल रेग्मी | | ,, | ,, | |
| 55. | श्री मणिरत्न रेग्मी | | ,, | ,, | |
| 56. | श्री सुरेन्द्र हमाल | पूर्व सांसद | २०६१–११–०६ | ,, | |
| 57. | श्री बद्री अर्याल | कोषाध्यक्ष– नेविसंघ | | ,, | |
| 58. | श्री रामप्रसाद अधिकारी | | | ,, | |
| 59. | श्री नारायण भारती | | | ,, | |
| 60. | श्री पद्म अधिकारी | | | ,, | |
| 61. | श्री पुष्कर आचार्य | उपाध्यक्ष– ट्रेड युनियन काँग्रेस | | ,, | |
| 62. | श्री किशोर गौतम | | | ,, | |
| 63. | सुश्री मञ्जु भट्टराई | सदस्य– ट्रेड युनियन काँग्रेस | | ,, | |
| 64. | श्री श्याम चन्द्र झा | रौतहट | | ,, | |
| 65. | श्री रामकृपाल यादव | ,, | | ,, | |
| 66. | श्री सीताराम मुडभरी | ,, | | ,, | |
| 67. | श्रीमती सुषमा मुडभरी | ,, | | ,, | |
| 68. | श्री दिनेश केशरी | ,, | | ,, | |
| 69. | श्री श्रीराम यादव | ,, | | ,, | |
| 70. | श्री गंगाबहादुर खत्री | सदस्य, जिका.स., कास्की | –०९ | ,, | |
| 71. | श्रीमती जमुना श्रेष्ठ | ,, | ,, | ,, | |
| 72. | श्रीमती खेमकुमारी बराल | सदस्य, महिला संघ, कास्की | ,, | ,, | |
| 73. | श्री चन्द्रकान्त पौडेल | कास्की | ,, | ,, | |
| 74. | श्री नन्दप्रसाद पौडेल | ,, | ,, | ,, | |
| 75. | श्री कमलप्रसाद आचार्य | ,, | ,, | ,, | |
| 76. | श्री भवानी आचार्य | ,, | ,, | ,, | |
| 77. | श्री वसन्त भट्टराई | ,, | ,, | ,, | |
| 78. | श्री पोषनाथ शर्मा | सचिव, जिकास., कास्की | ,, | ,, | |
| 79. | श्री कुमार खड्का | सिफल–काठमाडौँ | २०६१–११–०७ | ,, | |
| 80. | गोमा गुरुङ | | ,, | ,, | |
| 81. | श्री नरेशशंकर पालिखे | कास्की | ,, | पोखरा | |
| 82. | श्रीमती शारदा पौडेल | ,, | ,, | ,, | |
| 83. | श्री निर्मल कर्माचार्य | ,, | ,, | ,, | |
| 84. | श्री नवीनवावु पौडेल | ,, | ,, | ,, | |
| 85. | श्री शम्शेरबहादुर थापा | ,, | ,, | ,, | |

| | | | | | |
|---|---|---|---|---|---|
| 86. | श्री राजेन्द्रमणि लामिछाने | ,, | ,, | ,, | |
| 87. | श्री ऋषिराम काफ्ले | ,, | ,, | ,, | |
| 88. | श्री वर्षाकेशव पराजुली | ,, | ,, | ,, | |
| 89. | श्री विष्णुहरि वराल | ,, | ,, | ,, | |
| 90. | श्री गोपाल पौडेल | ,, | ,, | ,, | |
| 91. | श्री कोपिला रानाभाट | ,, | ,, | ,, | |
| 92. | क्या. कमलबहादुर गुरुङ | ,, | ,, | ,, | |
| 93. | श्री आनन्दप्रसाद ढुंगाना | पूर्व सांसद धनुषा | ,, | जनकपुर | समेत ७० जना |
| 94. | श्री शिवधारी यादव | ,, | ,, | ,, | |
| 95. | श्री स्मृतिनारायण चौधरी | ,, | ,, | ,, | |
| 96. | श्री वृषेशचन्द्र लाल | पूर्व मेयर, जनकपुरधाम | २०६१–११–०७ | ,, | |
| 97. | श्रीमती तुलसा आचार्य | धनुषा | ,, | ,, | |
| 98. | श्री नारायणदत्त मिश्र | कैलाली | ,, | धनगढी | समेत ६ जना |
| 99. | श्री पेप जोशी | कैलाली | ,, | ,, | |
| 100. | श्री रामचन्द्र पोखरेल | तनहुँ | ,, | तनहुँ | |
| 101. | श्री पुष्करराज ओझा | | ,, | धनगढी | |
| 102. | श्री भक्तबहादुर कार्की | | ,, | ,, | |
| 103. | श्री ज्योतिप्रकाश जोशी | पूर्व जिल्ला सभापति, बझाङ | ,, | ,, | |
| 104. | श्री यज्ञराज पाठक | सभापति, जिकास, डोटी | ,, | दीपायल, डोटी | समेत ९ जना |
| 105. | श्री नरबहादुर ढाँट | सभापति, डोटी | ,, | ,, | |
| 106. | श्री दुर्गा फुलारा | डोटी | ,, | ,, | |
| 107. | श्री भरतबहादुर खड्का | ,, | ,, | ,, | |
| 108. | श्री लक्ष्मी पाठक | ,, | ,, | ,, | |
| 109. | श्री केशव उपाध्याय | ,, | ,, | ,, | |
| 110. | श्री घनश्याम पाठक | ,, | ,, | ,, | |
| 111. | श्री राम रोकाय | ,, | ,, | ,, | |
| 112. | श्री वासुदेव भट्ट | पूर्व सांसद, कञ्चनपुर | ,, | कञ्चनपुर | |
| 113. | श्री सुरेन्द्र विष्ट | ,, | ,, | ,, | |
| 114. | श्री विश्वेश्वर यादव | सचिव, जिकास., धनुषा | २०६१–११–०७ | जनकपुर | |
| 115. | श्री जगतराज शाक्य | सभापति, जिकास., ललितपुर | ,, | ललितपुर | |
| 116. | श्री गुरुराज घिमिरे | | २०६१–११–०४ | | |
| 117. | श्री कुन्दन काफ्ले | | | | |
| 118. | श्री हीरालाल आचार्य | महाधिवेशन प्रतिनिधि, बाग्लुङ | | काठमाडौँ | |
| 119. | श्री कुमार खड्का | रामेछाप | २०६१–११–०७ | ,, | |
| 120. | श्री हरि खड्का | ,, | ,, | ,, | |
| 121. | श्री सानु महर्जन | ,, | ,, | ,, | |
| 122. | श्री तिलकप्रकाश कायस्थ | पूर्व जिल्ला सभापति, भक्तपुर | २०६१–११–१२ | भक्तपुर | |
| 123. | श्री कृष्ण के.सी. | क्षेत्रीय सभापति, कास्की–१ | २०६१–११–११ | पोखरा | |
| 124. | श्री प्रकाशमोहन खनाल | जिल्ला सदस्य, कास्की | ,, | ,, | |
| 125. | श्री विजमान गुरुङ | क्षेत्रीय महासचिव, कास्की | ,, | ,, | |
| 126. | श्री मुराहरि कोइराला | | | | |
| 127. | श्री गेहेन्द्र कोइराला | क्षेत्रीय सदस्य, कास्की–१ | ,, | ,, | |
| 128. | श्री गौरी सापकोटा | ,, | ,, | ,, | |
| 129. | श्री रुद्रबहादुर गुरुङ | ,, | ,, | ,, | |

| | | | | | |
|---|---|---|---|---|---|
| 130 | श्री आनन्द सुवेदी | ,, | ,, | ,, | |
| 131 | श्री हेमबहादुर बन्जाराभाट | लेखनाथ न.पा. सदस्य, कास्की | ,, | ,, | |
| 132 | श्री भोला भण्डारी | ,, | ,, | ,, | |
| 133 | श्री वसन्त भट्टराई | क्रियाशील सदस्य, कास्की | ,, | ,, | |
| 134 | श्री रतनबहादुर खत्री | ,, | ,, | ,, | |
| 135 | श्री कमलमणि ढकाल | पी.एन. क्याम्पस, नेविसंघ इकाई सभापति | ,, | ,, | |
| 136 | श्री सुधिरकुमार शिवाकोटी | सभापति, जिकास, झापा | २०६१–११–०७ | झापा | |
| 137 | श्री उद्धव थापा | सचिव, जिकास., झापा | ,, | ,, | |
| 138 | श्री दिपक तामाङ | सचिव, ने.ट्रेड यु.काँग्रेस, झापा | ,, | ,, | |
| 139 | डा. गोपाल कोइराला | पूर्व सांसद, झापा | ,, | ,, | |
| 140 | श्री दिलिप सापकोटा | सदस्य सचिव, पूर्वाञ्चल | २०६१–११–०४ | विराटनगर | |
| 141 | श्री गोपालमानसिंह राजभण्डारी | सचिव, जिकास, मोरङ | ,, | ,, | |
| 142 | श्री अमृत अर्याल | महाधिवेशन प्रतिनिधि, मोरङ | ,, | ,, | |
| 143 | श्री मन्तलाल यादव | सदस्य, जिकास, मोरङ | ,, | ,, | |
| 144 | श्रीमती रुक्मीणि कोइराला | जि.आ. सदस्य, मोरङ | ,, | ,, | |
| 145 | श्रीमती सिता सिलवाल | नेमसंघ, जि. सचिव, मोरङ | ,, | ,, | |
| 146 | श्री शिवनारायण सिंह | क्षेत्रीय सभापति, मोरङ–१ | ,, | ,, | |
| 147 | श्री सुभाष पौडेल | क्षेत्रीय सभापति, मोरङ–६ | ,, | ,, | |
| 148 | श्री पुष्कर आचार्य | के. महासचिव, ने.ट्रे.यु.कां. | ,, | ,, | |
| 149 | श्री दामोदर कोइराला | के.सदस्य, ने.त.द. | ,, | ,, | |
| 150 | श्री केशव दुलाल | के.सदस्य, नेविसंघ | ,, | ,, | |
| 151 | श्री वावुराम (वासु) कोइराला | के.सदस्य, नेविसंघ | ,, | ,, | |
| 152 | श्री बाबुराजा कोइराला | सचिव, जिकास, नेतदल | ,, | ,, | |
| 153 | श्री लक्ष्मण ढकाल | नेविसंघ | ,, | ,, | |
| 154 | श्री मानबहादुर लिम्वु | पूर्व जि.अध्यक्ष, नेविसंघ | ,, | ,, | |
| 155 | श्री श्याम पोखरेल | ने.त.दल | ,, | ,, | |
| 156 | श्री रामनरेश यादव | स्ववियु उपसभापति, मोरङ | ,, | ,, | |
| 157 | श्री शरद आचार्य | | ,, | ,, | |
| 158 | श्री रामकुमार खत्री | | ,, | ,, | |
| 159 | श्री सुभाष न्यौपाने | | ,, | ,, | |
| 160 | श्री कल्याण के.सी. | | ,, | ,, | |
| 161 | श्री सौरभ सापकोटा | | ,, | ,, | |
| 162 | श्री हिमालय कर्माचार्य | सभापति, नेकाजिकास, इलाम | २०६१–११–१७ | इलाम | |
| 163 | श्री चन्द्रसिंह भट्टराई | सभापति, नेकाजिकास, कैलाली | २०६१–११–१६ | धनगढी | |
| 164 | श्री आनन्दराज जोशी | कोषाध्यक्ष, नेकाजिकास, कैलाली | ,, | ,, | |
| 165 | श्री बुद्धि सागर | महाधिवेशन प्रतिनिधि, कैलाली | ,, | ,, | |
| 166 | श्री दीर्घराज भट्ट | ,, | ,, | ,, | |
| 167 | श्री गंगा कुँवर | ,, | ,, | ,, | |
| 168 | श्री रघुनाथ पौडेल | सभापति, नेकाजिकास, तनहुँ | ,, | दमौली | |
| 169 | श्री पुरुषोत्तम काफ्ले | सदस्य, नेकाजिकास, तनहुँ | ,, | ,, | |
| 170 | श्री ध्रुवप्रसाद कुशवाहा | सदस्य, नेकाजिकास, पर्सा | ,, | वीरगञ्ज | |
| 171 | श्री वीरेन्द्र पटेल | अध्यक्ष, तरुण दल, पर्सा | ,, | ,, | |
| 172 | श्री रोशन लामिछाने | अध्यक्ष, नेविसंघ, पर्सा | ,, | ,, | |
| 173 | श्री मनोज यादव | स्ववियु सभापति, पर्सा | ,, | ,, | |

| | | | | | |
|---|---|---|---|---|---|
| 174 | श्री वैजु झा | | ,, | ,, | |
| 175 | श्री सुरेश यादव | | ,, | ,, | |
| 176 | श्री राजीवन यादव | | ,, | ,, | |
| 177 | श्री राजु क्षेत्री | | ,, | ,, | |
| 178 | श्री अरुण | | ,, | ,, | |
| 179 | श्री उमेश यादव | | ,, | ,, | |
| 180 | श्री लालवावु ओझा | | ,, | ,, | |
| 181 | श्री महम्मद अन्सारी | | ,, | ,, | |
| 182 | श्री मेदिनी सिटौला | पूर्व केन्द्रीय उपसभापति, नेविसंघ | ,, | ,, | |
| 183 | श्री भुवन दाहाल | | २०६१–११–१८ | वीरगञ्ज | |
| 184 | श्री अभिनन्दन सिंह | | ,, | ,, | |

## पाँच दल आन्दोलनमा

राजाको निरंकुशताको समाप्ति र पूर्ण प्रजातन्त्रका लागि देशका प्रमुख राजनीतिक दलहरु – नेपाली काँग्रेस, नेकपा (एमाले), प्रजातान्त्रिक काँग्रेस, जनमोर्चा नेपाल र नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) ले आन्दोलनमा होमिने निर्णय गरेका छन् । आन्दोलनका पक्षमा सबल जनमत परिचालन गर्न राजनीतिक दलहरुले निम्न कार्यक्रमहरु घोषणा गरेका छन् –

- २०६१ फाल्गुण २५ गते अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा राजधानी काठमाडौं लगायत देशव्यापी रुपमा निरंकुशता विरुद्ध पार्टी तथा जनवर्गीय संगठनहरुको झण्डा सहितको शान्तिपूर्ण संयुक्त विरोध प्रदर्शन गर्ने,
- २०६१ चैत्र १ गते राजधानी काठमाडौं लगायत देशव्यापी रुपमा निरंकुशता विरुद्ध पार्टी झण्डा सहितको शान्तिपूर्ण संयुक्त विरोध प्रदर्शन गर्ने,
- जिल्ला तहमा समन्वय गरी राजनीतिक दलहरुले संयुक्त रुपमा विरोधका अन्य कार्यक्रमहरु संचालन गर्ने,
- संयुक्त कार्यक्रमहरुलाई सहयोग पुग्ने गरी राजनीतिक दलहरुले आफ्ना छुट्टै कार्यक्रमहरु संचालन गर्ने ।

## माघ १९ गतेको शाही कदमको विरोधमा कार्यक्रम

फागुन २० गते जुलुस प्रदर्शन

## नेपाल विद्याथी संघ सहित सात विद्यार्थी संगठनहरुको आयोजनामा हुने विरोध कार्यक्रमहरु

क) फागुन १९ गते क्याम्पसहरुमा राजाको शाही घोषणा जलाउने ।
ख) फागुन २३ गते निरंकुश राजतन्त्र विरोधी नारा सहित सिट्ठी फुक्ने ।
ग) फागुन २६ गते क्याम्पसहरुमा कोणसभा ।
घ) फागुन ३० गते क्याम्पस बाहिर छड्के जुलुस निकाल्ने ।

प्रकाशक : **नेपाली काँग्रेस केन्द्रीय कार्यालय, ललितपुर**
टेलिफोन : ५५५०९२४/५५५५२६३/५५५५२६६ फ्याक्स : ५५५५१८८
E-mail: ncparty@wlink.com.np / Internet Access: http://www.nepalicongressoffice.org.np